# साझा सेवा

(सहकारी संस्था) लि.

## शिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : वि.सं.२०७५/१०/१६)**

यस संस्थाको बल्खुस्थित केन्द्रीय कार्यालय, साझा आयल स्टोर परिसरमा सार्वजनिक सेवाका लागि निर्माण (ECO PANEL WORK) सम्बन्धी कार्यहरुको लागि यो शिलबन्दी बोलपत्र आह्वान गरिएको छ । उक्त कार्यको लागि बोलपत्र फारम यस संस्थाको सम्पर्क कार्यालय, पाटनढोका, ललितपुर मार्फत कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।

**शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी जानकारी**

- उक्त कार्यका लागि बोलपत्र फाराम रु.३,०००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
- उक्त निर्माण कार्य गर्नको लागि कबुलिएको जम्मा रकमको ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी वापतको रकम संस्थाको हिमालयन बैंक लि., पाटन शाखाको चल्ती खाता नं. ००६००४१३०९००१३ मा बैंक दाखिला गरेको सक्कल भौचर वा संस्थाको नाममा खिचिएको सो रकम बराबरको "भुक्तानीको लागि योग्य (Good for payment) चेक" बोलपत्र फारमका साथ पेश गर्नु पर्नेछ ।
- यस संस्थाले उपलब्ध गराएको बोलपत्र फारमको हरेक पानामा फर्म/कम्पनीको छाप तथा आधिकारिक दस्तखत गरी जम्मा लागत खर्च स्पष्टसँग अंक तथा अक्षर दुवैमा फरक नपर्ने गरी उल्लेख गर्नुपर्नेछ । फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिइनेछ ।
- बोलपत्र फारम मिति २०७५/११/२१ गते अपरान्ह ५.०० बजेभित्र यस संस्थाको सम्पर्क कार्यालय, पाटनढोका, ललितपुरमा बुझाई सक्नु पर्नेछ ।
- प्राप्त बोलपत्र फारमहरु मिति २०७५/११/२२ गते बुधवार विहान ११.०० बजे संस्थाको सम्पर्क कार्यालय, पाटनढोका, ललितपुरमा शिलबन्दी बोलपत्र पेश गर्ने फर्म/कम्पनीका प्रतिनिधि तथा संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । यद्यपि बोलपत्र पेश गर्ने फर्म/कम्पनीको प्रतिनिधि उपस्थिति नभएमा पनि शिलबन्दी बोलपत्र फारमहरु खोल्न बाधा पर्ने छैन । बोलपत्र फारम बुझाउने अन्तिम दिन तथा बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्य दिनको सोही समयलाई उक्त समय मानिनेछ ।
- प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने तथा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।
- रित नपुगी पेश भएका बोलपत्र उपर कुनै पनि कारवाही गरिने छैन ।

**बोलपत्रदाताले बोलपत्र पेश गर्दा निम्न बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछ ।**

- बोलपत्रदाता फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता/स्थायी लेखा नम्बरको प्रमाणपत्र लगायत सम्पूर्ण विवरण (Complete Profile) ।
- विगतमा बोलपत्रदाताबाट सम्पन्न गरिएका निर्माण सम्बन्धी कार्यको अनुभवको प्रमाणपत्र ।
- आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर कार्यालयमा कर दाखिला गरेको रसिदहरुको प्रतिलिपि ।

सम्पर्क कार्यालय, पाटनढोका, ललितपुर

फोन नं. : ५००५५४८/५००५५४९

साझा

(सहकारी संस्था लि.)

२०३१

२०७५/१०/१४